नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# वैदेशिक रोजगार विभाग

प.सं. ०८२/०८३

चलानी नम्बर

ताहाचल, काठमाडौं

# प्रेस विज्ञप्ति

## इजरायलका लागि केयरगिभर (सहायक कामदार) भर्ना सम्बन्धी भ्रामक सूचनाबारे सार्वजनिक जानकारी

इजरायलमा केयरगिभर (Caregiver) मा आकर्षक तलब सहित विभिन्न किसिमका सूचना/विज्ञापन TikTok लगायत समाजिक सञ्जालमा प्रशारण भएका सन्देशहरुमा यस विभागको गम्भीर ध्यानाकर्षण भएको छ।

नेपाल सरकार र इजरायल सरकारका बीचमा सम्पन्न द्विपक्षीय समझदारी (MoU) अनुरुप इजरायलका दीर्घकालीन स्याहार केन्द्रहरूमा सहायक कामदारहरु पठाउने सम्पूर्ण कार्य केवल सरकार– देखि– सरकार (G-to-G) प्रक्रियामार्फत मात्र हुने गर्दछ र कुनै पनि निजी संस्था, कम्पनी वा व्यक्तिलाई यी पदहरूका लागि विज्ञापन गर्न, फाराम भर्न वा पठाउने प्रक्रिया सञ्चालन गर्न कुनै अधिकार नरहेको व्यहोरा सर्वसाधारणको जानकारीको लागि अनुरोध छ।

अतः इजरायलमा काम गर्न जानका लागि सरकार देखि सरकार (G-to-G) बाहेक अर्को विकल्प नरहेकोले त्यस्ता भ्रमपूर्ण समाचार सन्देश, पोष्ट, सूचनाका पछि नलाग्न र विश्वास नगर्न विभाग सबैमा अनुरोध गर्दछ। साथै यस्ता भ्रामक, झुट्टा र ठगी उद्देश्यले गरिएका क्रियाकलाप वा अवैध रूपमा कामदार पठाउने कुनै पनि व्यक्ति, समूह वा एजेन्सीमाथि कडा कारबाही गरिने व्यहोरा जानकारी गराइन्छ।

थप जानकारीका लागि नेपाल सरकार तथा वैदेशिक रोजगार विभागद्वारा प्रकाशित आधिकारिक सूचनाहरू वैदेशिक रोजगार विभागको official website: www.dofe.gov.np मा मात्र हेर्न हुन अनुरोध गरिन्छ।

चन्द्र बहादुर शिवाकोटी

सहसचिव / प्रवक्ता

मितिः२०८२/०८/१७

टेलिफोन नंः ०१-४७९२६१६, ४७९२६७१, ४७९२६४८, ४७९२७११०, ४७९२६५८ फ्याक्स नंः ०१-४७९२६०६